# रत्ननगर नगरपालिकाद्धारा प्रकाशित
# स्थानीय राजपत्र

---

## भाग २ खण्ड ५ संख्या ३

## लैङ्गगिक हिंसा निवारण कोष संचालन कार्यविधि २०७८

नगरसभाबाट पारित मिति : २०७८।१।१०

प्रमाणिकरण मिति : २०७८।१।१०

---

# रत्ननगर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय,रत्ननगर
### बाग्मती प्रदेश
चितवन ,नेपाल

# लैङ्गिक हिंसा निवारण कोष (सञ्चालन) कार्यविधि, २०७८

# रत्ननगर नगरपालिका

**स्थानीय सरकार सञ्चालन ऐन, २०७४ ले दिएको अधिकार प्रयोग गरी रत्ननगर  नगरपालिकाले देहायको कार्यविधि बनाएको छ ।**

**१.** **संक्षिप्त नाम र प्रारम्भ :** (१) यस कार्यविधिको नाम "लैङ्गिक हिंसा निवारण कोष (संचालन) कार्यविधि, २०७७  रत्ननगर  नगरपालिका" रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

**२.** **परिभाषा : विषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा :**

(क) "कार्यालय" भन्नाले रत्ननगर  नगरपालिका नगरकार्यपालिकाको कार्यालय सम्झनुपर्छ।

(ख) "कोष" भन्नाले दफा ३ बमोजिमको लैङ्गिक हिंसा निवारण कोष सम्झनुपर्छ ।

(ग) "पीडित" भन्नाले लैङ्गिक हिंसाबाट पीडित वा प्रभावित व्यक्ति सम्झनुपर्छ ।

(घ) "सञ्चालक समिति" भन्नाले नियम ६ बमोजिमको कोष सञ्चालक समिति सम्झनुपर्छ।

(ङ) "लैङ्गिक हिंसा" भन्नाले कार्यस्थलमा हुने यौनजन्य दुर्व्यवहार, सामाजिक कुरीतिजन्य व्यवहार लगायत लैङ्गिक आधारमा हुने हिंसा सम्झनुपर्छ ।

**३.** **कोषको स्थापना :** (१) लैङ्गिक हिंसा निवारण कोष नामको एक कोष स्थापना गरिएको छ ।

(२) कोषमा देहाय बमोजिमका रकमहरु रहनेछन्:-

(क) नेपाल सरकारबाट प्राप्त रकम,

(ख) नगरपालिकाले कोष परिचालनका लागि छुट्ट्याएको रकम,

(ग) विदेशी व्यक्ति, अन्तर्राष्ट्रिय संघ संस्था वा सरकारबाट प्राप्त रकम,

(घ) स्वदेशी व्यक्ति वा संघ वा संस्थाबाट प्राप्त रकम,

(ङ) अन्य कुनै स्रोतबाट प्राप्त रकम ।

(३) उपदफा (१) बमोजिमको रकम नगरपालिकाले कुनै बैंकमा खाता खोली जम्मा गर्नेछ ।

(४) कोषको खाताको सञ्चालन कार्यालय प्रमुख र कार्यालयको लेखा प्रमुखको संयुक्त दस्तखतबाट हुनेछ ।

**४. कोषको उपयोग :** (१) कोषको रकम देहायको कामको लागि पीडितलाई उपलब्ध गराउन उपयोग गरिनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्न,

(ख) पीडितलाई औषधि उपचार गर्न,

(ग) राहत प्रदान गर्न तथा आर्थिक सहयोग उपलव्ध गराउने,

(घ) कानूनी सहायता, मनोवैज्ञानिक उपचार तथा मनोविमर्श प्रदान गर्न,

(ङ) कुनै व्यवसाय गर्नको लागि व्यवसाय स्थापना खर्च रकम अनुदानको रुपमा प्रदान गर्न,

(च) पीडितलाई पुनर्स्थापना गराउन,

(छ) हिंसापीडित र प्रभावित महिलाका लागि पुनर्स्थापना केन्द्र सञ्चालन गर्न,

(ज) नगरपालिका विपक्षी भएको लैंगिक हिंसा र यौनजन्य दुर्व्यवहारको कसूरबाट पीडितले प्रचलित कानून बमोजिम कसूरदारहरुबाट प्राप्त गर्नुपर्ने क्षतिपुर्ति त्यस्तो कसूरदारको कुनै सम्पत्ति नभएको कारणबाट प्राप्त गर्न सक्ने नदेखिई अदालतको आदेश बमोजिमको रकम पीडितलाई क्षतिपूर्ति स्वरुप भराउन ।

(ज) पीडितको लागि सञ्चालक समितिले तोके बमोजिमको अन्य कार्यमा ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समितिले लैङ्गिक हिंसाबाट पीडित बालबालिका तथा किशोर किशोरी वा लैङ्गिक हिंसाबाट प्रभावित भई लागू पदार्थको दुर्व्यसनमा फसेका वा सडकमा आएका व्यक्तिलाई प्राथमिकता दिई कोषको रकम खर्च गर्न सक्नेछ ।

**५. कोषको रकम अन्य काममा उपयोग गर्न नसकिने** : (१) कोषको रकम नियम ५ मा लेखिए बाहेकको अन्य कार्यमा उपयोग गर्न सकिने छैन ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भएतापनि सञ्चालक समिति र राहत समितिको सचिवालय तथा बैठक सञ्चालन गर्न लाग्ने खर्चको लागि कोषको रकम उपयोग गर्न सकिनेछ ।

**६. सञ्चालक समितिको गठन :**

(१) कोषको संचालन तथा व्यवस्थापन गर्ने काम समेतको लागि एक कोष सञ्चालक समिति रहनेछ ।

(२) सञ्चालक समितिको गठन देहाय बमोजिम हुनेछ :-

(क) नगर उपप्रमुख नगरपालिका अध्यक्ष

(ख) प्रमुख प्रशासकीय अधिकृत - सदस्य

(ग) प्रमुख, शिक्षा,युवा तथा खेलकूद शाखा, नगरपालिका - सदस्य

(घ) प्रमुख, स्वास्थ्य शाखा, नगरपालिका - सदस्य

( ङ ) प्रमुख, आर्थिक प्रशासन शाखा, नगरपालिका - सदस्य

( च ) नेपाल प्रहरीको स्थानीय प्रमुख - सदस्य

(छ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत गैरसरकारी संस्थाहरुमध्येबाट सञ्चालक समितिले तोकेको संस्थाको प्रतिनिधि १ जना - सदस्य

(ज) प्रमुख, महिला, बालबालिका तथा जेष्ठ नागरिक शाखा - सदस्य -सचिव

(३) उपदफा (२) को खण्ड (च) बमोजिमको सदस्यको पदावधि २ वर्षको हुनेछ।

(४) सञ्चालक समितिको सचिवालय नगर कार्यपालिकाको कार्यालयमा रहनेछ।

७. **सञ्चालक समितिको काम, कर्तव्य र अधिकार :** सञ्चालक समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :-

(क) लैङ्गिक हिंसा निवारणको सम्वन्धमा नगरपालिकाबाट स्विकृत नीति, योजना तथा कार्यक्रमको लागि कोषको रकम प्रयोग गर्ने,

(ख) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन कार्यालयमा रकम व्यवस्था गर्ने,

(ग) पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने,

(घ) राहत तथा आर्थिक सहयोगको सदुपयोग भए वा नभएको सम्वन्धमा अनुगमन गर्ने वा गराउने,

(ङ) नगरस्तरमा लैङ्गिक हिंसा निवारणको क्षेत्रमा कार्यरत विभिन्न संघ, संस्था तथा निकायहरु बीच समन्वय गर्ने,

(च) लैङ्गिक हिंसा हुन नदिनको लागि स्थानीयस्तरमा जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने।

(छ) नगरभित्र घटेका लैङ्गिक हिंसा सम्वन्धी घटनाको अभिलेख अद्यावधिक गर्ने,

(ज) सीपमूलक तालिम सञ्चालन तथा व्यवसायका लागि खर्च अनुदान व्यवस्थापन गर्ने,

(झ) लैङ्गिक हिंसा निवारणको क्षेत्रमा काम गर्ने अन्य निकाय तथा संस्थासँग समन्वय गर्ने,

(ञ) कोष वृद्धिको लागि श्रोतको खोजी गर्ने

(ट) लैङ्गिक हिंसा निवारण सम्वन्धी अन्य काम गर्ने वा गराउने ।

८. **सञ्चालक समितिको बैठक र निर्णय :** (१) सञ्चालक समितिको बैठक आवश्यकता अनुसार बस्नेछ ।

(२) सञ्चालक समितिको बैठक अध्यक्षले तोकेको मिति, समय र स्थानमा बस्नेछ ।

(३) सञ्चालक समितिको बैठक बस्नु भन्दा कम्तीमा २४ घण्टा अगावै सञ्चालक समितिको सदस्य-सचिवले बैठकमा छलफल हुने कार्यसूची सहितको सूचना सबै सदस्यहरुलाई दिनु पर्नेछ ।

(४) सञ्चालक समितिको कूल सदस्य संख्याको पचास प्रतिशत भन्दा बढी सदस्यहरु उपस्थित भएमा सो समितिको बैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

(५) सञ्चालक समितिको बैठकको अध्यक्षता सो समितिको अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा सञ्चालक समितिका उपस्थित सदस्यहरुले आफूमध्येबाट छानेको सदस्यले गर्नेछ ।

(६) सञ्चालक समितिको बैठकमा बहुमतको राय मान्य हुनेछ र मत बराबर भएमा बैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णयक मत दिनेछ ।

७) सञ्चालक समितिले बैठकमा आवश्यकता अनुसार नेपाल सरकारको कुनै कर्मचारी, पदाधिकारी वा अन्य कुनै व्यक्तिलाई समितिको बैठकमा पर्यवेक्षकको रुपमा भाग लिन आमन्त्रण गर्न सक्नेछ ।

(८) सञ्चालक समितिको निर्णय सो समितिको सदस्य-सचिवले प्रमाणित गरी राख्नेछ ।

(९) सञ्चालक समितिको बैठक सम्वन्धी अन्य कार्यविधि सो समिति आफैले निर्धारण गरे बमोजिम हुनेछ ।

९. **कोषमा रकम उपलब्ध गराउने:** पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनको लागि नगरपालिकाले कोषको नाममा रकम निकाशा दिनेछ ।

१०. **राहत तथा आर्थिक सहयोग उपलब्ध गराउने रकमको हद र आधार :** (१) यस कार्यविधि बमोजिम पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउँदा देहायको आधारमा देहायको रकममा नबढ्ने गरी उपलब्ध गराईनेछ :-

(क) पीडितलाई तत्काल उद्धार गर्नु पर्ने भएमा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधनबाट यात्रा गर्दा लाग्ने भाडा रकम, खाना खर्चवापत

प्रतिदिन तीन सय  रुपैयाँ र बास बस्नु पर्ने भए सो वापत छुटै रकम दिनु पर्ने भएमा प्रतिदिन दुईसय पचास रुपैयाँको दरले बढीमा तीन हजार रुपैयाँ,

(ख) पीडितलाई अस्पतालमा भर्ना गरी औषधी उपचार गर्नु पर्ने भएमा अस्पताल आँउदा जाँदा सवारी साधन प्रयोग गर्नु पर्ने भए सार्वजनिक सवारी साधन प्रयोग गर्दा लाग्ने भाडा रकम, खाना खर्च वापत प्रति दिन तीन सय रुपैयाँ, अस्पतालमा बस्ने व्यवस्था नभई वाहिर बस्नु परेमा बढीमा तीन दिनको बास खर्च वापत प्रतिदिन दुई सय पचास रुपैयाँ र उपचार खर्च समेत गरी बढीमा दुई हजार रुपैया,

(ग) कानूनी सहायता, मनोवैज्ञानिक उपचार वा मनोविमर्शका लागि पाँच हजार रुपैयाँमा नबढ्ने गरी लागेको यथार्थ खर्च,

(घ) कुनै व्यवसाय गर्नको लागि वीउ पूँजीको रुपमा वस्तुगत तथा नगद अनुदान समेत गरी बढीमा वीस हजार रुपैया,

(ङ) पुनर्स्थापनाको लागि बढीमा पाँच हजार रुपैयाँ,

(च) सञ्चालक समितिले तोके बमोजिमको अन्य कामको लागि कामको प्रकृति हेरी बढीमा दश हजार रुपैयाँ ।

(२) उपदफा (१) बमोजिमको रकम अपर्याप्त भएको मनासिव आधार र प्रमाण सहित कुनै पीडितले कार्यालयमा निवेदन दिएमा र सो व्यहोरा मनासिव देखिएमा राहत समितिले त्यस्तो पीडितलाई दुई हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम थप गरी दिन सक्नेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भएतापनि नेपाल वाहिर रहे बसेको पीडितलाई सञ्चालक समितिले तोके बमोजिमको राहत तथा आर्थिक सहयोग उपलब्ध गराउन सकिनेछ ।

**११. राहत तथा आर्थिक सहयोग प्राप्त गर्न निवेदन दिनु पर्ने :** (१) यस कार्यविधि बमोजिम राहत तथा आर्थिक सहयोग प्राप्त गर्न चाहने पीडित वा सरोकारवाला व्यक्तिले राहत तथा आर्थिक सहयोग पाउनु पर्ने मनासिव कारण खुलाई कार्यालयमा निवेदन दिनुपर्नेछ ।

(२) उपदफा (१) बमोजिम प्राप्त भएको निवेदन जाँचबुझ गर्दा पीडितलाई राहत तथा आर्थिक सहयोग गर्नु पर्ने देखिएमा राहत समितिले दफा १३ को अधीनमा रही पीडितलाई राहत तथा आर्थिक सहयोग उपलब्ध गराउनेछ ।

**१२. तत्काल रकम उपलव्ध गराउन सक्ने :** (१) यस कार्यविधिमा अन्यत्र जुनसुकै कुरा लेखिएको भएतापनि पीडितलाई तत्काल उद्दार, औषधि उपचार, पुर्नस्थापना वा राहत तथा आर्थिक सहयोग प्रदान नगरेमा गम्भिर तथा मानवीय क्षति हुने देखिएमा

सञ्चालक समितिको अध्यक्षले सो प्रयोजनको लागि कोषबाट पचास हजार रुपैयाँमा नवढ्ने गरी मनासिव रकम सम्वन्धित पीडितलाई उपलव्ध गराउन सक्नेछ ।

(२) उपदफा (१) वमोजिमको अवस्था परी सञ्चालक समितिको अध्यक्षबाट पीडितलाई रकम उपलव्ध गराईएकोमा त्यसरी रकम उपलव्ध गराईए पछि वस्ने सञ्चालक समितिको वैठकबाट सो विषयको अनुमोदन गराउनु पर्नेछ ।

**१३. थप रकम निकासा माग गर्न सक्ने :** (१) सञ्चालक समितिबाट कार्यालयको नाममा निकासा भएको रकम अपर्याप्त भएमा कार्यालयले सो को कारण खुलाई सञ्चालक समितिसँग थप रकम माग गर्न सक्नेछ ।

(२) उपनियम (१) बमोजिम थप रकम माग भई आएमा सञ्चालक समितिले कार्यालयको आवश्यकता र औचित्यता हेरी कोषबाट थप रकम निकासा दिन सक्नेछ ।

**१४. छुट्टै खाता खोल्नु पर्ने :** कार्यालयले सञ्चालक समितिबाट प्राप्त भएको रकम कार्यालयको नाममा कुनै वाणिज्य बैंकमा छुट्टै खाता खोली जम्मा गर्नु पर्नेछ ।

**१५**.लैंगिक हिंसा निवारणका लागि महिला, बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय तथा नेपाल सरकारका अन्य निकाय र प्रदेश सरकारबाट प्राप्त हुने सशर्त बजेट तथा कार्यक्रम माफदण्ड तोकिई आएकोमा सोही बमोजिम र नतोकिएकोमा यसै कार्यविधि बमोजिम खर्च गर्न सकिनेछ ।

**१६. कोषको लेखा र लेखा परीक्षण** :(१) कोषको आय व्ययको लेखा प्रचलित कानूनबमोजिम राखिनेछ ।

(२) कोषको लेखापरीक्षण महालेखा परीक्षकबाट हुनेछ ।

**१७. आवर्ति (रिभल्भीङ) कोष :** यो कोष आवर्ति (रिभल्भीङ) कोषको रुपमा रहनेछ ।

१८. **प्रतिवेदन पेश गर्ने:** (१) सञ्चालक समितिले प्रत्येक छ महिनामा सो समितिबाट भए गरेका काम कारवाहीको प्रतिवेदन नगरपालिका समक्ष पेश गर्नु पर्नेछ ।

(२) सञ्चालक समितिले आर्थिक वर्ष समाप्त भएको एक महिनाभित्र सो समितिबाट अघिल्लो आर्थिक वर्ष भरीमा भए गरेका काम कारवाहीको प्रतिवेदन नगरपालिकासमक्ष पेश गर्नु पर्नेछ ।

(३) कार्यालयले उपदफा (२) बमोजिमको प्रतिवेदन सार्वजनिक गर्न सक्नेछ ।

**१९. बैठक भत्ता:** सञ्चालक समिति अध्यक्ष वा सदस्यले सो समितिको बैठकमा भाग लिए वापत कानून बमोजिमको रकम बैठक भत्ता वापत पाउनेछन् ।

**२०. निर्देशन दिन सक्ने :** (१) नगरपालिकाले सञ्चालक समितिको काम कारवाहीको सम्वन्धमा सो समितिलाई आवश्यक निर्देशन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम दिइएको निर्देशनको पालना गर्नु सञ्चालक समितिको कर्तव्य हुनेछ ।

**रत्ननगर नगरपालिकामा स्थानीय बालअधिकार समिति गठन तथा सञ्चालन सम्वन्धी कार्यविधि,२०७७**

बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा -३) र बाग्मती प्रदेश सरकारको प्रदेश बालबालिका सम्बन्धी ऐन २०७६ को दफा ४६ बमोजिम बाल अधिकारको सरक्षण र सवर्द्धनका लागि वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को अधिकार प्रयोग गरी ⁄रत्ननगर नगरपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन २०७५  को दफा ४ बमोजिम रत्ननगर  नगरपालिकाले यो कार्यविधि बनाई लागु गरेको छ।

परिच्छेद -१

**१. संक्षिप्त नाम र प्रारम्भः**

(क) यस कार्यविधिको नाम “रत्ननगर नगरपालिकामा स्थानीय बाल अधिकार समिति गठन तथा सञ्चालन सम्बन्धी कार्यविधि, २०७७” रहेको।

(ख)  यो कार्यविधि स्वीकृत भएको मितिदेखि प्रारम्भ हुनेछ।

**२. परिभाषाः विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमाः-**

(क) “ऐन” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ सम्झनुपर्दछ।

(ख) “मन्त्रालय” भन्नाले नेपाल सरकारको बालबालिका सम्बन्धी विषय हेर्ने मन्त्रालय सम्झनुपर्दछ।

(ग) “प्रदेश मन्त्रालय” भन्नाले बाग्मती प्रदेशको सामाजिक विकास मन्त्रालय सम्झनुपर्दछ।

(घ) “प्रदेश समिति” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (१) बमोजिमको प्रदेश बाल अधिकार समिति सम्झनुपर्दछ।

(ङ) “नगरपालिका” भन्नाले रत्ननगर नगरपालिका सम्झनुपर्दछ।

(च) “बाल कल्याण अधिकारी” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६१ बमोजिम नियुक्त भएको वा तोकिएको अधिकारी सम्झनुपर्दछ।

(छ) “समिति” भन्नाले बालबालिका सम्बन्धी ऐन, २०७५ को दफा ६० को उपदफा (२) तथा यस कार्यविधिको दफा ३ तथा ५ बमोजिमको स्थानीय बालअधिकार समिति सम्झनुपर्दछ।

(ज) "स्थानीय बाल अधिकार समिति" भन्नाले नगर बाल अधिकार समिति र वडा बाल अधिकार समिति सम्झनुपर्छ ।

परिच्छेद -२

**३. नगर बाल अधिकार समितिको गठनः**

(१) बालबालिकाको अधिकार तथा हकहितको सरक्षण र सम्वर्द्धन गर्न नगरपालिकामा देहाय बमोजिमको नगर बाल अधिकार समिति रहनेछ ।

(क) उपप्रमुख वा निजले तोकेको कार्यपालिका सदस्य - अध्यक्ष

(ख) प्रमुख /उपप्रमुखले तोकेको कार्यपालिका सदस्य /महिला सदस्य सदस्य

(ग) शिक्षा शाखा प्रमुख - सदस्य

(घ) स्वास्थ्य शाखा प्रमुख - सदस्य

(ङ) बकुलर अस्पतालको प्रमुख चिकित्सक - सदस्य

(छ) नगरभित्रको प्रहरी कार्यालय प्रमुख - सदस्य

(ज) नगरभित्रका माध्यमिक विद्यालयको प्रधानाध्यापक वा शिक्षक १ जना सदस्य

(झ) बाल अधिकारको क्षेत्रमा कार्यानुभव भएका व्यक्ति मध्येबाट प्रमुख/उपप्रमुखले मनोनयन गरेको दुईजना - सदस्य

(ञ) महिला विकास सहकारी संस्थाको प्रतिनिधि १ जना - सदस्य

(ट) बालअधिकारको क्षेत्रमा क्रियाशील गै.स.स. प्रतिनिधि १ जना - सदस्य

(ठ) बाल मनोविज्ञ वा बाल न्यायका क्षेत्रमा काम गर्ने अधिवक्ता - सदस्य

(ड) नगरस्तरीय बाल संजालको अध्यक्ष सहित २ जना (बालक र बालिका) - सदस्य

(ढ) बाल कल्याण अधिकारी/ बालबालिका सम्बन्धी हेर्ने अधिकृतस्तरको कर्मचारी - सदस्य सचिव

(२) मनोनित सदस्यको पदावधि चार वर्षको हुनेछ र खण्ड (झ) बमोजिम सदस्यमा मनोनयन हुनको लागि भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागूऔषध बिक्री वितरण तथा ओसारपसार, सम्पत्ति शुद्धिकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर, संगठित अपराध, बालबालिका विरुद्धको कसूर, बालअधिकार हनन् वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय नपाएको व्यक्ति हुनुपर्नेछ ।

**४. नगर बालअधिकार समितिको काम, कर्तव्य र अधिकार**

(१) दफा ३ बमोजिम गठन हुने नगर बालअधिकार समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ :

(क) समितिको दिर्घकालीन नीति, योजना र वार्षिक कार्यक्रम तथा बजेट तर्जूमा गर्ने,

(ख) बालबालिकाको अधिकारको सम्मान, संरक्षण, प्रबर्धन र परिपूर्तिको लागि आवश्यक स्थानीय नीति, कानून, योजना, कार्यक्रम र सस्थागत संयन्त्रको व्यवस्था गर्ने,

(ग) नगरपालिकामा सञ्चालित बालबालिका सम्बन्धी कार्यक्रमको अनुगमन, मूल्याङ्कन तथा समीक्षा गरी सुझाव दिने,

(घ) बालअधिकारसम्बन्धी कार्यक्रम कार्यान्वयनका लागि नेपाल सरकार, प्रदेश सरकार, अन्य स्थानीय तह र अन्य सरोकारवाला निकायहरुसँग समन्वय तथा सहकार्य गर्ने,

(ङ) नेपाल पक्ष रहेका बालअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय, क्षेत्रीय सन्धिसँग सम्बन्धित नगरस्तरीय आवधिक प्रतिवेदन तयार गर्न सहजीकरण गर्ने,

(च) नगरपालिकाभित्र हुन सक्ने बालविवाह, बालश्रम, शारीरिक तथा मानसिक पीडा तथा बाल यौनदुर्व्यवहार जस्ता सबै प्रकारका बाल हिंसाको रोकथाम, निषेध र नियन्त्रण तथा सडक बालबलिकाको उद्दार, पुनःथापना, संरक्षण र व्यवस्थापन र बालबालिका खोजतलास नं. १०४ तथा बालहेल्पलाइन नं. १०९८ (दश नौ आठ) नेपाल सञ्चालन सेवा अभिवृद्धिजस्ता कार्य समन्वय, सहयोग र सहजीकरण गर्ने,

(छ)  बालअधिकार संरक्षण तथा प्रबर्द्धन गर्ने सम्बन्धमा सरोकारवालाको क्षमता अभिवृद्धि गर्ने गराउने,

(ज) बालबालिका सम्बन्धी प्रतिवेदन तयार गरी मन्त्रालय, प्रदेश मन्त्रालय, राष्ट्रिय बालअधिकार परिषद् र सम्बन्धित निकायहरुमा पठाउने,

(झ) बालबालिका सम्बन्धी स्थानीय तथ्याङ्क/विवरण संकलन, अभिलेखीकरण तथा सूचना प्रणालीको विकास, सञ्चालन, व्यवस्थापन र सुदृढीकरणमा सहयोग गर्ने,

(ञ) बालसंरक्षण तथा बालअधिकार प्रबर्द्नका लागि सञ्चालन हुने राष्ट्रिय/प्रादेशिक र नगरपालिकाको अभियानमा सहयोग गर्ने,

(ट) विशेष संरक्षणको आवश्यकता भएका तथा अनाथ बालबालिकालाई धर्मपुत्र धर्मपुत्री लिने दिने कार्यलाई व्यवस्थित गर्न सहजीकरण गर्ने,

(ठ) प्रचलित कानून तथा मापदण्ड बमोजिम सञ्चालन हुन नसकेका बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाइ सुधारका लागि निर्देशन दिने । निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझावसहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ड) नगरपालिकाभित्र सञ्चालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरण केन्द्रहरुलाई सुधारका लागि निर्देशन दिने । निर्देशन पालना नगरेमा बन्द तथा कारबाही गर्न सुझावसहित सम्बन्धित निकायमा सिफारिस गर्ने,

(ढ) नगरपालिकाभित्र सञ्चालित बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र लगायतमा आश्रित बालबालिकाको समग्र स्थिति र उपलब्ध सेवाको गुणस्तर तथा प्रभावकारिताका सम्बन्धमा देहायको बुँदाहरुमा अनुगमन टोली/समिति गठन गरी अनुगमन गर्ने/गराउने:

(१) बालबालिकाको वैयक्तिक विवरण अद्यावधिक गरी राखेको छ वा छैन ,

२) बालबालिकालाई नियमित रुपमा शिक्षा तथा तालिम प्रदान गरिएको छ वा छैन,

३) बालक्लब गठन गरी बालबालिकालाई खेलकूद, मनोरञ्जन तथा सांस्कृतिक कार्यक्रम लगायतका बालसहभागिताजस्ता अन्य क्रियाकलापमा संलग्न गराइएको छ वा छैन,

४) बालबालिका ऐन, प्रचलित कानून तथा मापदण्ड बमोजिमको सुविधा प्रदान गरिएको छ वा छैन,

५) बालगृह, बालसुधार गृह, अस्थायी संरक्षण सेवा केन्द्र, पुनर्स्थापना केन्द्र तथा सामाजिकीकरणको केन्द्रमा कुनै अवाञ्छित कार्य भएको छ वा छैन,

६) उपखण्ड (५) मा उल्लेखित गृह र केन्द्रमा बालमैत्री व्यवहार तथा वातावरण कायम गरिएको छ वा,

(७) बालगृहमा आश्रित बालबालिकाको वैकल्पिक हेरचाहको व्यवस्थाको प्राथमिकता अनुसार अन्तिम विकल्पको रुपमा बालकल्याण अधिकारीबाट व्यवस्था मिलाई राखिएको छ वा छैन,

(८) व्यस्थापन पक्ष तथा बालबालिकाले ऐन, प्रचलित कानून वा मापदण्ड बमोजिम पालन गर्नुपर्ने कुराहरु पालन गरेको छ वा छैन,

(९) उपलब्ध श्रोत, साधनलाई मध्यनजर गरी बालबालिकाको सर्वोत्तम हितलाई ध्यान दिएको छ वा छैन,

(१०) बालसंरक्षण मापदण्ड निर्माण गरी लागू गरिएको छ वा छैन ।

(११) तोकिए बमोजिमका अन्य कार्य गर्ने ।

**५ वडा बालअधिकार समितिको गठनः**

नगरपालिकामा प्रत्येक वडाभित्र देहाय बमोजिमको वडा बालअधिकार समिति रहनेछः

१. वडाअध्यक्ष/अध्यक्षले तोकेको व्यक्ति - अध्यक्ष

२. वडा महिला सदस्य - सदस्य

३. वडाभित्रको स्वास्थ्य संस्था प्रमुख/प्रतिनिधि - सदस्य

४. वडाभित्रका सामुदायिक वा संस्थागत विद्यालयहरुमध्येबाट वडाअध्यक्षले तोकेको एकजना प्रधानाध्यापक सदस्य

५. बालबालिकाको क्षेत्रमा क्रियाशील वडाभित्रका गै.स.स.बाट वडाअध्यक्षले तोकेको व्यक्ति सदस्य

६.महिला संस्था/वडा महिला सञ्जाल प्रतिनिधि सदस्य

७. वडा बालसञ्जाल प्रतिनिधि सदस्य

८. बालअधिकारको क्षेत्रमा कार्यानुभव भएको वडाअध्यक्षले तोकेको व्यक्ति सदस्य

९ वडा सचिव सदस्य-सचिव

**६. वडा बालअधिकार समितिको काम, कर्तव्य र अधिकारः**

१. बालअधिकारको क्षेत्रमा स्थानीय आवश्यकता पहिचान, योजना तर्जूमा गर्ने र कार्यक्रम कार्यान्वयन गर्ने, गराउने ।

२. वडाभित्र विशेष संरक्षणको आवश्कयता भएका बालबालिकाको तथ्याङ्क संकलन अद्यावधिक गर्ने र नगर बालअधिकार समिति समक्ष पठाउने ।

३. वडाभित्र बालबालिकाहरुका क्षेत्रमा कार्यरत संघ-संस्था, बालक्लब लगायतका सरोकारवालाबिच आवश्यक समन्वय र सहकार्य गरी बालअधिकारसम्बन्धी संरक्षणात्मक र प्रबर्द्धनात्मक कार्यहरु गर्ने, गराउने ।

४.बालअधिकारका क्षेत्रमा स्थानीय संघसंस्थालाई कार्य गर्न उत्प्रेरित गर्ने,

५.जोखिममा परेका बालबालिकाको तत्काल उद्धारका लागि स्थानीय बाल अधिकार समिति र सम्वन्धित निकायसँग समन्वय गर्ने ।

६.वडाभित्र बालअधिकार हननका घटनाका सम्वन्धमा सम्वन्धित निकायसंग समन्वयकारी भूमिका निर्वाह गर्ने ।

७. आवश्यकतानुसार बालबालिकाहरुको निमित्त आकस्मिक कोषको व्यवस्था मिलाउने,

८. बालअधिकारको सम्मान,संरक्षणमा र प्रवर्द्धनका लागि वकालत गर्ने र वडा समितिलाई बालअधिकारका क्षेत्रमा आवश्यक सुझाव दिने ,

९. वडाभित्र बालबालिकाका सम्वन्धमा भएगरेका कार्यक्रमहरुको अनुगमन गर्ने,प्रतिवेदन तयार गर्ने र नगर बालअधिकार समिति समक्ष पठाउने,

१०.तोकिए बमोजिमका अन्य कार्यहरु गर्ने

**७. नगर/वडा बाल अधिकार समितिको वैठक सम्वन्धी कार्यविधि :**

नगर बालअधिकार समिति वडा बालअधिकार समितिको वैठक सम्वन्धी कार्यविधि देहाय बमोजिम निर्धारण गरिएको छ -

१. समितिको वैठक कम्तिमा वर्षको चारपटक अध्यक्षले तोकेको मिति, समय र स्थानमा वस्नेछ

२. अध्यक्षको निर्देशनमा समितिको वैठक सदस्य सचिवले बोलाउनेछ,

३. सदस्य सचिवले समितिको वैठक वस्ने सूचना र वैठकमा छलफल हुने विषयहरुको सूची सहित दुईदिन अगाडि समितिका सदस्यहरुलाई उपलब्ध गराउनुपर्नेछ ।

४. समितिमा तत्काल कायम रहेका सदस्य संख्याको पचास प्रतिशत भन्दा वढी सदस्य उपस्थित भएमा समितिको वैठकको लागि गणपूरक संख्या पुगेको मानिनेछ ।

५. समितिको वैठकको अध्यक्षता अध्यक्षले गर्नेछ र निजको अनुपस्थितिमा उपस्थित सदस्यहरुले आफूमध्येवाट छानेको सदस्यले वैठकको अध्यक्षता गर्नेछ ।

६. वैठकमा उपस्थित सदस्यहरुको बहुमतको निर्णय मान्य हुनेछ । मत बरावर भएमा वैठकको अध्यक्षता गर्ने व्यक्तिले निर्णायक मत दिन सक्नेछ ।

७. समितिको वैठकको निर्णय समितिको अध्यक्षद्धारा प्रमाणित हुनेछ ।

८. समितिको वैठक तथा सञ्चालन खर्च नगरपालिकाको नियमानुसार हुनेछ ।

९. वैठक सम्वन्धी अन्य कार्यविधि समिति आफैंले निर्धारण गरेवमोजिम हुनेछ ।

१०. समितिको वैठकमा आवश्यकता अनुसार विषयसँग सम्वन्धित व्यक्तिहरुलाई आमन्त्रण गर्न सकिनेछ ।

## ८ .उपसमिति वा कार्यटोली गठन गर्न सक्ने-

१) स्थानीय समितिले आफूले गर्नुपर्ने कुनै काम सुचारु रुपले सञ्चालन गर्नका लागि आवश्यकता अनुसार उपसमिति वा कार्यटोली गठन गरी परिचालन गर्न सक्नेछ ।

(२) उपदफा १ बमोजिम गठन हुने उपसमिति वा कार्यटोलीको काम,कर्तव्य र अधिकार कार्यप्रकृति अनुसार काममा खटिए वा काम गरेवापत टोली वा सदस्यले पाउने भत्ता वा पारिश्रमिक वा सेवा सुविधा तथा अन्य कार्यविधि नगरपालिकाको प्रचलित नियमानुसार समितिले तोकि दिए बमोजिम हुनेछ ।

## विविध -

बालकल्याण अधिकारीको काम,कर्तव्य र अधिकार

क) बालबालिकाको हकहितको संरक्षण तथा बालकल्याण सम्वन्धी नगरस्तरीय योजना तथा कार्यक्रम तर्जुमा गर्न स्थानीय बालअधिकार समितिलाई सहयोग गर्ने,

ख) स्थानीय बालअधिकार समितिको निर्णय एवं निर्देशनहरु कर्यान्वयन गर्ने गराउने

ग) स्थानीय बालअधिकार समितिको सदस्य सचिव भई काम गर्ने,

घ) स्थानीय बालअधिकार समितिवाट प्रत्यायोजित एवं निर्देशित अन्य काम गर्ने गराउने ।